# भिमसेनथापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या:०७६/०७७

च. नं.

मिति:२०७७/०३/०९

### भिमसेनथापा गाउँपालिकावासीहरुमा अत्यन्त जरुरी सूचना ।

आज मिति २०७७/०३/०९ गते आकष्मिक रुपमा बसेको गाउँकार्यपालिकाको २३ औं वैठकले गाउँपालिका भित्र कोरोना सङ्क्रमणको जोखिम उच्च रहेको र कोरोना भाइरस समुदायस्तरमा फैलिसकेको निश्कर्ष निकाल्दै अर्को निर्णय नभएसम्मको लागी देहायका निर्णयहरु गरी तत्काल कार्यान्वयन गरिएको व्यहोरा गाउँपालिकावासीमा जानकारी गराईन्छ।

१. भिमसेनथापा गाउँपालिका वडा नं. -५ रिठ्ठेपानी, वडा नं. -६ झिङ्गटे र मोहरिया, वडा नं. -८ महादेवटार समुदायस्तरमा कोरोना फैलिएको क्षेत्र भएकाले सो क्षेत्रहरु लगायत गाउँपालिकाभित्र पुर्ण रुपमा वन्दावन्दी ( लकडाउन) को पालना गर्ने/गराउने ।

२. कोरोना सङ्क्रमण हुनसक्ने सम्भावित स्थानहरुमा मानिसहरुको आवतजावत पूर्ण रुपमा बन्द गर्ने ।

३. पालिका भित्रका सम्पुर्ण वैक तथा वित्तिय संस्था, उद्योग, व्यवसाय तथा पसलहरु वन्द गर्ने ।

४. एक वडाबाट अर्को वडामा अत्यावश्यक अवस्थामा वाहेक आवतजावतमा रोक लगाउने ।

५. गाउँपालिका भित्र रहेका खाद्यान्न, तरकारी, फलफुल ,दुग्धजन्य पदार्थ विक्रि वितरण गर्ने पसलहरु विहानको ६ वजेदेखी १० वजेसम्म मात्र संचालन गर्ने ।

६. कोरोना रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागी वडागत रुपमा गठित समितिहरुले कोरोनाको सङ्क्रमण रोक्नका लागी सक्रियता पूर्वक कार्य गर्ने ।

७. गाउँपालिकावासीमा कोरोनाबाट वच्ने उपायहरुका वारेमा जनचेतना फैलाउने ।

८. समाजमा जुवा, तास खेल्ने, हुलहुज्जत तथा झगडा गर्ने तथा समुह वनाई हिडडुल गर्ने जस्ता कार्यहरुलाई पूर्ण रुपमा निषेध गर्ने।

९. वुँदा नं. १ देखि ९ सम्मका निर्णयहरु कार्यान्वयन गर्नमा वाधा, अवरोध गर्ने जो कसैलाई प्रचलित कानुन वमोजिम कारवाहीको दायरामा ल्याईनेछ।

१०. गाउँपालिका भित्रका स्वास्थ्य सेवा वाहेकका सम्पुर्ण सरकारी कार्यालयवाट प्रवाह हुने सेवा हाललाई वन्द गर्ने ।

गाउँकार्यपालिकाको उपरोक्त निर्णयलाई पुर्ण रुपमा कार्यान्वयन गरी कोरोना भाइरस सङ्क्रमणबाट गाउँपालिकावासीहरुलाई वच्ने/वचाउने कार्यमा सहयोग गर्नुहुन सवै राजनितिक दलहरु, वुद्दिजिविहरु, पेशाकर्मिहरु, संघसंस्थाहरु लगायत सम्पुर्ण गाउँपालिकावासीहरुमा भिमसेनथापा गाउँपालिका हार्दिक आव्हान गर्दछ।

२०७७/०३/०९

कृष्ण थापा

प्रमुख प्रशासकीय अधिकृत